# राष्ट्र-निर्माता बडामहाराज पृथ्वीनारायण शाह

अङ्ग्रेज र अन्य युरोपियन मुलुकहरूले विश्वलाई नै आफ्नो उपनिवेश बनाएर ती देशहरूका सम्पुर्ण श्रोतहरूलाई दोहन गरेर त्यहाँका जनताको चरम शोषण सहित आआफ्ना मुलुकहरूलाई आजको विकसित स्थितिमा पु-याए । कवि अल्लामा इकवाल र मोहम्मद अलि जिन्नाले भारतीय उपमहाद्विपमा मुसलमानहरूको आफ्नो भिन्दै राष्ट्र हुनुपर्छ भनेर पाकिस्तान बनाउन ठूलो योगदान गरे । चीनले तिव्वत आफ्नो हिस्सा हो भनेर सन् १९५० को दशकमा तिव्वतलाई आफ्नो नक्शाभित्र पा-यो । सरदार बल्लभभाई पटेलको सक्रियतामा भारतमा रजौटा प्रथा खारेज गरेर साना-ठूला सबै राज्यहरू भारतमा गाभिए, इन्दिरा गान्धीले स्वतन्त्र राष्ट्र सिक्किमलाई भारतमा विलय गराइन् र पाकिस्तानलाई टुक्राइन्, नरेन्द्र मोदीले विवादित काश्मिरको हाल भारतमा परेको हिस्सालाई सम्विधानमा सम्शोधन गरेर भारतको अभिन्न अङ्ग बनाए, रूस र अमेरिकाले बारम्बार अफगानिस्तान, भियतनाम र कैयन् अन्य मुलुकहरूमा हमला गरेर आफ्नो प्रभुत्व बढाउन र आफु पक्षको सरकार बनाउन खोजे, लिविया, सिरिया, यमन, प्यालेस्टाइन, लेवनान, इराक, युक्रेन, इथियोपिया आदि राष्ट्रहरूलाई विभिन्न शक्ति राष्ट्रहरूले रणभूमि बनाएर आफ्नो स्वार्थ साँध्नुका साथै हतियार परिक्षण र बेचबिखनको बजार बनाएर बसेका छन् । सन् १९४८ मा च्याङ काई शेकले चीनबाट भागेर चीनकै एक विशाल टापु फर्मोसामा आफ्ना दल-वल लिएर त्यहाँ नयाँ राज्य ताइवानको स्थापना गरे । यी र यस्ता कैयन् घटनाबारे विश्वभर निन्दा हुने गरेता पनि ती राष्ट्रका जनताले भने आफ्ना शासकहरूलाई गाली गर्नुको साटो आफ्नो मुलुकको सिमाना बढाएकोमा र मुलुकको खुशहालीको लागि हर तरहले काम गरेको भनेर सह्राहना नै गरेका छन् । हामी बाहिरियाको नजरमा निक्कै गलत काम गरेका जस्तो भए पनि सरदार पटेल, इन्दिरा गान्धी र मोदीलाई भारतमा ज्यादै सम्मान र इज्जतका साथ हेरिन्छ भने चीन, रूस, अमेरिका वा बेलायतका सरकारलाई पनि मुलुक बाहिरकाले जति नै अत्याचारी भने पनि आफ्ना मुलुकवासी उनका सरकारका यस्ता कार्यबाट निक्कै खुशी छन् । किनकी ती सब काम आफ्नो राष्ट्रलाई ठूलो, बलियो, खुशहाल बनाउन गरिएका थिए र अझ पनि यस्ता कार्य भइ नै रहेका छन् । यी सब निन्दनीय काम वास्तवमा राष्ट्रिय स्वार्थको हिसाबले ठीक साबित हुँदा रहेछन् ।

हामी भन्दा निक्कै प्रजातान्त्रिक र विकसित मुलुकहरू भारत, बेलायत, अमेरिका आदिमा आफ्नो मुलुकले गरेका यस्ता कार्यहरू बारे टिका टिप्पणी गर्न पनि जनता डराउँछन् वा त्यसो गरेमा अराष्ट्रिय र उच्छृङ्खल तत्वमा गनिन्छन् । तर नेपालमात्र विश्वमा एउटा यस्तो मुलुक होला जहाँ आफ्नै मुलुकको अस्मिता, धर्म, संस्कृति र इतिहासलाई लात्ती हान्ने र तथानाम गाली गर्ने छुट छ होला जनतामा । यो मात्र यस्तो देश होला जहाँ आफ्ना राष्ट्र निर्माता बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई एक खलनायक, सिखण्डी, डकैत र निकङ्कुश व्यक्तिको रूपमा चित्रण गर्ने र शहिदहरू, विभुतिहरू, कवि, साहित्यकार तथा मुलुकको उत्थानमा अथक काम गरेका अमर व्यक्तिहरूको पनि खेदो खन्ने र इतिहास नै मोड्ने पनि छुट छ । पृथ्वीनारायणले र उनका भतिज बहादुर शाहले आफ्ना वीर सेनापति र बहादुर सेनाको मद्दतले ससाना बाइसे-चौबिसे राज्यलाई एकिकरण गरेर विशाल नेपाल बनाएको कुरा एक डकैती हो र यो सब व्यक्तिगत फाइदाको निम्ति गरेका हुन् भनेर विभिन्न कट्टरपन्थी, विखण्डनकारी तत्व र कैयन् राजनैतिक पार्टीहरूले समेत बेला बखतमा भन्ने छुट पनि यही नेपालमा मात्र पाएका छन् । मुलुकको लागि यत्ति ठूलो भुभागको जोहो गरिदिने पृथ्वीनारायण खराब र आफ्नो उपयोगको निम्ति मुलुकको ढुकुटी र वन-जङ्गल रित्याएर दरवारहरू र धनसम्पत्ति जोड्ने क्रुर राणाशासकहरूलाई असल भनेर निर्लज्जतापुर्वक प्रसंशा गर्ने भालुभुत्ते विद्वानहरू पनि यही देशमा ठाँटका साथ बसेका छन् ।

आज विश्वका अधिकांश मुलुकहरूबाट राजतन्त्र खारेज भएर त्यसको ठाउँमा गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना भएको छ । विस्तारै एक्काइसौं शताव्दीको अन्तसम्ममा बाँकी मुलुकहरू पनि गणतन्त्रात्मक व्यवस्थामा जानुका साथै एकाधमा सम्बैधानिक राजतन्त्रात्मक व्यवस्था बाँकी हुन्छ होला । यो कुनै आश्चर्यको कुरा होइन । समय अनुसार विश्वमा यस्ता बदलावहरू आइ नै रहन्छन् । तर सभ्य मुलुकहरूले आफ्नो इतिहास र विगतलाई मेट्ने वा कलङ्कित गर्ने काम कहिल्यै गर्दैनन् । कम्युनिष्ट चीनका संस्थापक माओले समेत चीनलाई एकिकरण गर्ने सम्राट जेङ्ग-सि ह्वाङ दी (प्रथम सम्राट) र उनको इतिहासलाई सम्मानपुर्वक मान्यता दिएका थिए । इसापुर्व २२१ मा विभिन्न राज्यमा विभाजित चीनलाई एकिकरण गरेर क्विन डाइनेस्टीका राजा ह्वाङले विशाल चीनको निर्माणसँगै ग्रेटवालको निर्माण समेत अघि बढाएका थिए । चीनमा कम्युनिष्ट शासन शुरु भएपछि पनि त्यहाँका शासकहरूले इतिहासमा त्यहाँका सम्राटले चीनको एकिकरण गर्न गरेको अथक प्रयासको कदर गरेका छन् । त्यस्तै भारत सरकार र त्यहाँका जनताले पनि सम्राट अशोक, राजा राणाप्रताप, शिवाजी महाराज, बादशाह अकबर आदि प्रख्यात शाषकहरूलाई आजसम्म पनि पुज्ने गरेका छन् ।

विश्वमा विभिन्न मुलुकहरूको गौरवशाली एकिकरण र दुखद विखण्डन विभिन्न समयचक्रमा भइरहन्छन् तर त्यसो गर्नमा अहम् भूमिका खेल्ने नायकहरूलाई इतिहासले सम्झिरहन्छ र मुलुक भित्र ठूलो सम्मान पनि पाउँछन् त्यस्ता व्यक्तिहरूले लामो समयसम्म । यहाँ विखण्डन गर्नेलाई पनि नायक किन भनिएको हो भने त्यस्ता नयाँ राष्ट्र बनाउन सहयोग गर्ने जिन्ना वा शेख मुजिवुर रहमान जस्ता नेतालाई माउ राष्ट्रमा देशद्रोही र धोखेवाजको संज्ञा मिलेता पनि नयाँ राष्ट्रमा उनिहरू राष्ट्र निर्मातामा नै गनिन्छन् । त्यस्तै विभिन्न राज्यहरूलाई एकिकरण गरेर विशाल राष्ट्र बनाउने महान व्यक्तिहरूले झनै ठूलो सम्मान पाउँछन् ।

गोर्खा जस्तो एक अति नै सानो र विपन्न राज्यबाट आफ्नो एकिकरण अभियान शुरु गरेका राजा पृथ्वीनारायण शाह तथा उनका समर्थक तथा रणनीतिकार भाईभारदार र सेनाका अधिकारीहरू र वीर गोर्खाली फौजले केही दशकको अन्तरालमा नै आजको भन्दा पनि ठूलो नेपाल राष्ट्रको निर्माण गरेका थिए । आफुले यसरी यत्ति ठूलो भुभाग जितेर पनि आफ्नो मुल थलो गोर्खाको नामबाट आफ्नो नयाँ र विशाल मुलुकलाई नचिनाई ‘नेपाल’ नामाकरण गर्नु र यही नेपाल खाल्डोलाई आफ्नो राजधानी बनाएर सबै थरीका धर्म र संस्कृतिहरूलाई मान्यता र प्रश्रय दिनु पनि पृथ्वीनारायणको महानताकै उदाहरण हो । यस्तो कार्य सायदै विश्वका अन्य कुनै पनि ठाउँमा भएको छ । लिच्छवीकालमा करिव आजकै जस्तो ठूलो राज्य भएको नेपालीहरूको थलो टुक्रिँदै टुक्रिँदै झण्डै ५१ साना राज्यमा विभक्त भएको अवस्थामा पृथ्वीनारायण वा अन्य कसैले यसलाई पुन: एकिकरण गर्न नसकेको भए आजको नेपाल भएको सम्पूर्ण भूभाग अङ्ग्रेजको अधिनमा पुगिसकेको हुने थियो । पृथ्वीनारायणका पिता नरभुपाल शाहले पनि एकिकरणको प्रयास गरेका हुन् तर उनको प्रयासले त्यति सार्थकता पाउन सकेन । पछि पृथ्वीनारायण शाहले यो विशाल कार्यको पुन: शुरुवात गरे । त्यतिबेला युद्ध र युद्ध सामग्रीको जोहोको निम्ति खर्चको चरम अभाव थियो । त्यस्तो बेलामा उनको पिताको पालादेखि नगर्चीको काम सँभालेका र पृथ्वीनारायण जन्मेदेखि नै उनको भोटो, सुरुवाल सिलाएका विश्वेश्वर भन्ने विसे दमाई ‘नगर्ची’सँग सल्लाह लिँदा बिसेले सबै घर धुरीबाट कम्तिमा एक एक रुपैयाँ उठाउनु पर्छ भनेर उनी आफैले एक रुपैयाँ दिएर रकम उठाउने कार्यको शुरुवात गरे भने नगारा बजाउँदै गाउँघरबाट रकम र सामल संकलन गर्न पनि उनी आफै खटिए । यतिमात्र कहाँ हो र, विसेले विभिन्न राज्यहरू आक्रमण गर्ने साइतसमेत हेर्ने काम गर्नुका

साथै पृथ्वीनारायणको यो विशाल अभियानमा घर घरबाट युवाहरूले भाग लिनु पर्छ भनेर आफ्नो घरबाट उनी आफै युद्धमा जान तयार भए । पछि पछि पनि उनैको सल्लाहमा कालु पाँडे जस्ता सेनापतिको समेत नियुक्ति गरेका थिए पृथ्वीनारायणले भन्ने पनि इतिहासका पुस्तकहरूमा पढ्न पाइएको थियो । यस अर्थमा पनि पृथ्वीले कहिल्यै जातपातको भेदभाव गरेनन् । उनको दिव्योपदेशमा पनि उनले 'मेरा साना दुखले आर्ज्याको मुलुक होइन, सबै जातको फुलबारी हो' भनेका छन् । आफुले जितेका राज्यका नागरिकहरू र उनका धर्म र संस्कृतिमा ठेस पुग्ने कार्य पृथ्वीनारायणले कहिल्यै गरेनन् । वास्तवमा भन्ने नै हो भने उनी क्रिश्चियन धर्मको पनि विरोधी थिएनन् । किर्तिपुरको लडाईमा घाइते भएका उनका भाई सुरप्रताप शाहको आँखा र मुहारको औषधोपचार एक जना क्रिश्चियन पादरीले गरि दिएपछि उनी निक्कै प्रसन्न भएका थिए । तर मल्ल राजाहरूले सिन्धुलीमा गोर्खाली विरुद्ध क्याप्टेन किन्लोकसहित अङ्ग्रेज फौजलाई बोलाए पछि र यिनै पादरीहरूले क्याप्टेन किन्लोक जस्तो खुँखार अङ्ग्रेज अधिकारीलाई कान्तिपुरमा निम्त्याउन खोजेपछि भने पृथ्वीनारायण शाह अङ्ग्रेजको यस्तो चालबाट सशङ्कित भएर नेपालमा क्रिश्चियनहरूलाई बस्न नदिने निर्णयमा पुगेका थिए । नत्र उनकै फौजको हतियार बनाउन उनले मुसलमानहरूलाई पनि गोर्खामा समेत बसोबास गराएका नै हुन् । काठमाडौँ आफ्नो कब्जामा पारे पश्चात पनि यस उपत्यकाभित्र चलि आएका हिन्दू जात्रा र बौद्ध धर्मका पर्वहरूलाई निरन्तरता दिएर उनले नेपालका राजाले त्यसमा सक्रियताका साथ भाग लिने चलन चलाए र कुमारीको आशिर्वाद पनि लिन थाले ।

आजको विश्वमा र नेपालमा मानव अधिकारको कस्तो अवस्था छ, प्रजातन्त्रको कस्तो अवस्था छ र ती चिजहरूको पालना पृथ्वीनारायणले किन गरेनन् भनेर सोच्नु नै एक चरम मूर्खता हुन आउँछ । उनी र हामी कुन कुन युगका मानिस हौँ भन्ने कुरा पनि बुझ्न सक्नु पर्दछ ।

हामी एकछिन यसो घोत्लिउँ न राजा पृथ्वीनारायण शाहको दिनचर्या र जीवनशैली बारे । उनि गोर्खामा बिसे नगर्चीले सिलाएको सुती भोटो र सुरुवाल तथा पहाडका सार्कीले कोरा तथा कडा छाला प्रयोग गरेर सिलाएको जुत्ता लगाउँथे । उनको समयमा यातायातको साधन भनेकै घोडा र पाल्की मात्र थियो र हतियारमा खुँडा, खुकुरी र तरवार । पछि उनैले भारतबाट बन्दुक, तोप तथा अन्य हतियार बनाउन जान्ने मुसलमानहरूलाई भित्राएर इश्लाम धर्मावलम्वीहरूलाई पनि मानसम्मानका साथ नै नेपालमा बसोबास गराए । गाउँघरमा नै पाइने दुध, दही, मकै, भटमास, स्वदेशी चामल, तेल, फलफुल, सागसब्जी र मासु खाएर उनि हुर्के-बढेका हुन् । रातीको समयमा टुकी बालेर नै बस्थे होलान् भने खाना खानु अघि पनि नेपालको गाउँघरमा बनेको लोकल कोदोको रक्सी नै खान्थे होलान् मासुका केही परिकार र काँक्रो, गाजर अनि भटमाससँग । उनले पिउने पानी खोला वा कुवाबाट भरेको पानी नै त हुन्थ्यो होला नी । उनले सुत्ने बिछौना र दोलाई-सिरक पनि गाउँघरमा नै त तगिन्थे होलान् नी । पृथ्वीनारायणले परस्त्रीगमन गरेको वा जुवामा समय खर्चेको कुरा पनि सुनिएको छैन । मुलुकको एक ठाउँबाट अर्को ठाउँमा जान कि त हिँडेर या त घोडा चढेर वा हदै आरामसाथ जानु परे कसैको बुई चढेर जान्थे होलान् । एउटा डाँडाबाट अर्को डाँडामा पुग्न पुरै दिन खर्चिनु पर्ने पट्यार लाग्दो यात्रा ।

औषधीमुलोको निम्ति स्थानीय जडिबुटी र कविराजका औषधी नै मात्र उपलब्ध थिए होलान् । चरम धपेडीका कारण र आधुनिक विज्ञानले आविस्कार गरेको उपचार पद्धतिको पहुँच त्यतिबेला नभएकोले नै ५२ वर्ष कै उमेरमा उनको देहावसान भयो । उनी अर्को दुई-तीन दशक बाँचेका भए नेपाल अझै विशाल हुनुका साथै जितेका भूभागमा स्थायी थिती मिलाई दिने थिए होलान् । उनको चतुर कुटनीतिले त्यो अवस्थामा दक्षिणका अङ्ग्रेज र उत्तरका चिनीया शाषकसँग पनि राम्रो सम्बन्ध कायम हुन सक्थ्यो होला

। त्यति हुन सकेको भए उनका वीर छोरा बहादुर शाह पनि भयङ्कर षडयन्त्रको सिकार हुने थिएनन् र त्यतिबेलाका निकम्मा भारदारहरूको उदय पनि हुन पाउने थिएन होला । वास्तवमा नै उनी दीर्घजीवी भएका भए आज नेपालको नक्शा र इतिहासमा नै ठूलो फरक आउने थियो र हामी आज झनै समृद्ध नेपाली हुन्थ्यौं जस्तो लाग्छ ।

उनकै सन्तती राजा त्रिभुवन, महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्रसँग मात्र उनको जीवनचर्यालाई दाँजौं त हामी । यी पछिल्ला राजाहरूले भोग्न पाएका सुखका साधनको त कुरा नै छोडौं आजका हामी जस्ता साधारण नागरिकले भोग्न पाएका सुखसयलको समेत बिचरा पृथ्वीनारायण शाहले कल्पना पनि गर्न पाएनन् । मोटरगाडी, हेलिकप्टर, विमान, विदेशी कपडाका लुगाफाटा र जुत्ता, घडी, नरम लचकदार बिछौना र गलैंचा, आधुनिक शयन र शौच कक्ष, विशाल दरवार, विदेशी मदिरा, चुरोट, सिगार, अत्तर, बिस्कुट, खाना, पुस्तक, पत्रपत्रिका, विद्युतीय सञ्चार र मनोरञ्जनका साधन, आधुनिक औषधी र उपचार केही पनि उनले देख्न पाएनन् । गोर्खाबाट टाढा टाढा हमला गर्न जाँदा कसरी रात बिताउँथे होलान्, बाटोमा के खान्थे होलान्, शौच र नित्यकर्म गर्ने बन्दोवस्ती कस्तो थियो होला, कोपरा र अङ्खरासम्मको सुविधा प्राप्त थियो होला ।

नेपालको एकिकरण गर्न ठूलो योगदान गरेका बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई राष्ट्र निर्माताको संज्ञा दिन र उनको मान-मर्यादामा कुनै कमी हुन नदिन हामी सबै नेपालीहरूले लागी पर्नु पर्दछ भने नेपालको सरकारले पनि यो कुरामा विशेष ध्यान दिनु पर्दछ । पृथ्वीनारायण शाहलाई नेपालमा गणतन्त्र आउने बेलाका राजा र २०१७ सालमा प्रजातन्त्र खोस्ने राजाका पुर्खा मात्र भनेर सोच्नु ज्यादै नै गलत कुरा हो । साना तिना गल्ती जुनसुकै मनुश्यबाट पनि हुन जान्छ । त्यस्तै केही कमी कमजोरी पृथ्वीनारायण शाहका पनि थिए होलान् । तर उनकै कारण आज हामीले नेपाली हुन पाएको र हाम्रो सुन्दर, शान्त र विशाल देश नेपाल हो भनेर गौरव गर्न पाएको नै राजा पृथ्वीनारायण शाह र उनका छोरा बहादुर शाहको वीरता, युद्धकौशलता, कुशल कुटनीति र एकिकरणको महान कार्यले गर्दा हो । मुलुकको विकासको कुरामा हामीले आफुजस्तै अल्प विकसित मुलुकसँग आफुलाई दाँजेर हेर्दा राम्रो हुन्छ भने राष्ट्रियता, अखण्डता र वीर सपुतहरूको कदर गर्ने कुरा र यस्ता अहम् विषयमा बोल्न र विरोध गर्न पाइने वा नपाइने कुरा हामीले आजका विकसित र विशाल राष्ट्रहरुबाट सिक्नु पर्दछ । के हामी नेपालीलाई जस्तै आफ्ना राष्ट्र निर्माता, सहिद र विभुतिलाई तथानाम गाली गर्ने र बेइज्जती गर्ने अधिकार र छुट यी विशाल प्रजातान्त्रिक मुलुकहरूमा छ ? के यस्तो अधिकार अमेरिका, बेलायत, चीन वा भारतमा छ त ? त्यसैले पनि हामीले आफ्नो मुलुकका सपुतहरूको इज्जत गर्न र नयाँ पिँढीलाई पनि उनीहरूका योगदान बारे अवगत गराउनु ज्यादै जरुरी छ ।

त्यतिबेला पनि पृथ्वीनाराण शाहले 'प्रजा मोटा भया त दरवार बलियो हुन्छ' भन्ने जस्ता कुराहरू मार्फत आफु जनताको राजा भएको सन्देश दिएका थिए । उनकै 'नेपाल दुई ढुङ्गाको तरुल' भन्ने अभिव्यक्ति आजसम्म पनि त्यति नै सार्थक छ । दक्षिणको वृटिश भारत र उत्तरको तिव्वतसमेतको शासन गरिरहेको चीनलाई इसारा गरेका थिए उनले । काठमाडौंलाई राजधानी बनाएका भएपनि चीनबाट केरुङको बाटो हुन सक्ने हमलालाई मध्यनजर गरेर उनले आफ्नो फौजी अड्डा नुवाकोटमा पनि जमाएर अक्सर नुवाकोट दरवारबाट नै राज्य सञ्चालन गर्ने गरेका थिए । उनका छोरा बहादुर शाहले पनि यो कुरामा उनलाई पछ्याएका थिए । तर उनको मृत्यु पश्चात मोजमज्जामा समय व्यतित गर्न थालेका उनका सन्तती र भारदारले उनको बिँडो थाम्ने वीर कान्छा छोरा बहादुर शाहलाई समेत अपदस्थ गरेर फर्पिङमा कैद गरेर

निक्कै यातनाका साथ मारे भने पछि भिमसेन थापाको शासनकालमा समेत पृथ्वीनारायण शाहको दुई विशाल ढुङ्गाको तरुल नीति र स्थानीय स्वायत्तताको नीतिलाई बेवास्ता गरेर अमरसिँह थापाको तत्काल लडाइँ गर्न नहुने सल्लाह सहितका तीन चिठ्ठीलाई लत्याएर मुलुकलाई लडाइँमा होम्दा नेपालले आफ्नो एक तिहाई भूभाग गुमाउनु पर्‍यो ।  यो यथार्थलाई अझै पनि बेवास्ता गर्ने हो भने नेपाल राष्ट्र नै गुम्ला कि भन्ने चिन्ता हुन थालिसकेको छ अहिले । त्यसैले पनि पृथ्वीनारायण शाहको मान सम्मान गर्दै उनले गरेका महान् कार्य र नेपाल राष्ट्रको सम्वर्द्धन गर्न हामी सबै नेपालीले लागी पर्नु पर्ने बेला आइसकेको छ भने उनका दीव्योपदेशहरूलाई मनन गरेर हामी अघि बढेमा मात्र पनि मुलुकले अग्रगमनको बाटो समाउन सक्ने देखिन्छ ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७८ साल माघ २१ गते*